# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासमक्ष नवनियुक्त डेपुटी गभर्नरद्वय श्री गोपाल प्रसाद काफ्ले र श्री महा प्रसाद अधिकारीले २०६७ पुस १४ गते पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभयो ।



नेपाल सरकार, मन्त्रिपरिषद्को २०६७ पुस ११ गतेको निर्णय अनुसार श्री काफ्ले र श्री अधिकारी नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर पदमा नियुक्त हुनुभएको हो ।

विक्रम संवत् २०१२ पुस १६ गते पाल्पाको बाघचौरमा जन्मनुभएका श्री गोपाल प्रसाद काफ्लेले २०३९ साउन २४ गते बैंक सेवामा प्रवेश गर्नुभएको थियो । सहायक अधिकृतको रुपमा बैंकमा कार्य सुरु गर्नुभएका श्री काफ्लेसँग २९ वर्षको केन्द्रीय सेवाको अनुभव छ । त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर गर्नुभएका श्री काफ्लेले अष्ट्रेलियाको युनिभर्सिटी अफ न्यू इंगल्याण्डबाट अर्थशास्त्र विषयमै स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ ।

यसै गरी विक्रम संवत् २०२० साउन ५ गते खोटाङको सिम्पानीमा जन्मनुभएका श्री महा प्रसाद अधिकारीले २०४२ वैशाख ३ गतेदेखि बैंक सेवा प्रारम्भ गर्नुभएको थियो । सुरुमा सहायकको रुपमा बैंकमा कार्य गर्नुभएका श्री अधिकारीले २०५२ जेठ १ गतेदेखि बैंकको चार्टर्ड एकाउण्टेण्ट पदमा पुनःनियुक्ति पाउनुभयो । त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातक गर्नुभएका श्री अधिकारीले इन्स्टिच्युट अफ चार्टर्ड एकाउण्टेण्ट, इण्डियाबाट चार्टर्ड एकाउण्टेण्टको उपाधि हासिल गर्नुभएको छ ।

उहाँहरूले २०६७ पुस १४ गतेदेखि पदबहाली पनि गर्नुभयो ।

मिति: २०६७ पुस १४ गते

गभर्नरको कार्यालय